# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा दक्षिणपूर्वी एशियाली केन्द्रीय बैंकहरूको अनुसन्धान तथा तालीम केन्द्र (SEACEN Centre) द्वारा श्रीलंकाको राजधानी कोलम्बोमा फागुन १३ र १४ (February 25-26, 2011) मा आयोजित सिसन बोर्ड अफ गभर्नर्सको ३० औं बैठक तथा ४६ औं सिसन गभर्नर्स कन्फरेन्समा भाग लिनुभई फागुन १६ गते काठमाडौं फर्कनुभयो ।

दुई दिने सिसन बोर्ड अफ गभर्नर्स बैठकले आगामी वर्ष विभिन्न १३ सिसन सदस्य मुलुकहरूमा सञ्चालन गर्ने गरी केन्द्रीय बैंकिङ सम्बन्धी २४ वटा प्रशिक्षण कार्यक्रम र ४ वटा अनुसन्धान परियोजना सञ्चालन गर्ने निर्णय गर्नुका साथै सो वर्षको लागि बजेट स्वीकृत गऱ्यो ।

बैठकको क्रममा सम्पन्न ४६ औं सिसन गभर्नर्स कन्फरेन्सको उद्घाटन श्रीलंकाका राष्ट्रपति महिन्दा राजापाक्षेले गर्नुभएको थियो । उक्त कन्फरेन्समा अन्तर्राष्ट्रिय मुद्रा कोषका उपमहानिर्देशक नायुकी सिनोहारा, बैंक फर इन्टरनेसनल सेटलमेन्टका महाप्रबन्धक हाइमी करुना, अन्तर्राष्ट्रिय मुद्रा कोषको दक्षिण-पूर्वी एसिया भोटिङ ग्रुपका कार्यकारी निर्देशक डा. डुङ्गमनी भोङ्गप्रधिप, लण्डन स्कुल अफ इकोनोमिक्सका प्रोफेसर डा. चार्ल्स गुडहार्ट र भारतीय रिजर्भ बैंकका पूर्वगभर्नर डा. वाइ.भी. रेड्डीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गभर्नर्स कन्फरेन्समा लण्डन स्कुल अफ इकोनोमिक्सका प्रोफेसर डा. गुडहार्टद्वारा प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्दै गभर्नर डा. खतिवडाले केन्द्रीय बैंकको स्वायत्ततासँगै जिम्मेवारी पनि स्पष्टतापूर्वक तोकिनु आवश्यक रहेको बताउनुभयो । मौद्रिक नीति, वित्त नीति लगायतका केन्द्रीय बैंकका सम्पूर्ण नीतिहरूको तर्जुमा र कार्यान्वयन गर्दा नियमसंगत मात्र नभएर विवेकको प्रयोग पनि आवश्यक हुने बताउँदै उहाँले विवेकको प्रयोग भने तर्कसङ्गत र पारदर्शी हुनुपर्नेमा जोड दिनुभयो ।

केन्द्रीय बैंकको सुशासनका सम्बन्धमा उच्च नैतिक आचरण कायम गर्न आवश्यक रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले लेखापालन र लेखापरीक्षणमा पनि अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन प्रणाली (International Financial Reporting System) अवलम्बन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । साथै, केन्द्रीय बैंकहरूले विभिन्न प्रकारका जोखिम व्यवस्थापन गर्ने क्षमता अभिवृद्धि गर्न आफ्नो संस्थागत क्षमता वृद्धिमा ध्यान पुऱ्याउनु पर्ने विचार व्यक्त गर्दै उहाँले सरोकारवाला सबैसँग निकटतम सम्बन्ध कायम राख्न केन्द्रीय बैंकका नीति तथा कार्यक्रमबारेमा उचितप्रकारले सुसूचित गराउनु पर्नेमा समेत जोड दिनुभयो ।

उक्त बैठक तथा सम्मेलनमा सिसन सदस्यका रूपमा रहेका १७ केन्द्रीय बैंकका गभर्नर तथा अन्य उच्च अधिकारीहरूको सहभागिता रहेको थियो ।

बैठकमा भाग लिन गभर्नर डा. खतिवडा फागुन १२ गते कोलम्बो प्रस्थान गर्नुभएको थियो ।

गभर्नरको कार्यालय